**संघीय संसद**

**प्रतिनिधि सभा**

**महिला तथा सामाजिक मामिला समिति**

**(बैठक निर्णय-३४)**

मितिः २०८१/०३/२० गते

प्रारम्भ: दिनको ११: ०० बजे

समाप्त: दिनको १: ४५ बजे

समितिको आजको बैठक माननीय सभापति श्री किरण कुमार साहको सभापतित्वमा बसी निम्नानुसार छलफल तथा निर्णय गरियो ।

१. राज्यको मूल प्रवाहमा थारु समुदायको समावेशिताको अवस्था र यस सम्बन्धमा थारु आयोगले खेल्दै आएको भूमिका विषयको छलफलमा थारु आयोगबाट "राजनीतिक पार्टीहरुले अङ्गालेको शासकीय परिपाटीमा थारु समुदाय र राज्य संचालनको लागि निजामती सेवाको संयन्त्रमा थारु समुदाय" गरी मुख्यत: दुई क्षेत्रको अध्ययनबाट राज्यको मूल प्रवाहमा थारु समुदायको समावेशीता बारे स्पष्ट हुने लगायतका विषयमा प्रस्तुती भयो । राजनीतिक समावेशिताका लागि कानूनी रुपमा नै क्लष्टरको व्यवस्था भएको (प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसार थारु समुदायको लागि ६.६ प्रतिशत कायम भएको) तर जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी प्रतिशत निर्धारण नभएको, प्रशासनिक एवं छात्रवृत्तिमा क्लष्टरको व्यवस्था नै नभएकोले जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व गराउने गरी कानूनमा सुधार गर्नुपर्ने विषयमा छलफल भयो ।

२. समितिको अर्को बैठक सचिवालयबाट सूचना भएपछि बस्ने गरी आजको बैठक यहि स्थगित गर्ने निर्णय गरियो ।

**समितिको सचिव** **सभापति**